# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७६/७७
च.न.:

मितिः- २०७६/०५/२२

## न्युनतम समर्थन मुल्य तोकिएको सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मितिः २०७६/०५/२२)

सत्यवती गाउँपालिकाको आ.ब.०७६/७७ को कृषि विकासतर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस आर्थिक वर्ष ०७६/७७ मा सत्यवती गाउँपालिकाभित्र उत्पादक व्यावसायिक कृषकले थोकमा बिक्री गर्दा गोलभेंडा, आलु र काउली बालीको प्रतिकिलो क्रमशः रु.२०, रु.२० र रु.१५ का दरले न्युनतम समर्थन मूल्य तोकिएको हुँदा उल्लेखित बालीमा तोकिएको समर्थन मुल्यभन्दा न्युन दररेटमा बिक्री गर्नु पर्ने अवस्था आएमा अनुदान रकम प्राप्त गर्नको लागि व्यावसायिक कृषक/फर्म/समूह/सहकारीले तपशील बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ।

तपशीलः

क) बालीबारे पुर्व जानकारी दिनु पर्नेः

१) कृषक/फर्म/समूहले आफूले लगाएको बालीको क्षेत्रफल सहितको विवरण सम्बन्धित **वडा कार्यालयमा** अग्रीम पेश गर्नुपर्नेछ।

२) यसरी प्राप्त भएका निवेदनहरु उपर वडा कार्यालयले कृषि प्राविधिकहरु समेतको टोली बनाई स्थलगत निरीक्षण गरी सोको यथार्थ लगत तयार गर्नु पर्नेछ।

३) यसरी तयार हुने लगतको एकमुस्ट विवरण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

ख) बिक्री मुल्य कृषि समर्थन मुल्यभन्दा ओरालो लागेमाः

१) उत्पादक कृषकले लगाएको बालीको सुरु थोक बिक्री मुल्य **कृषि समर्थन मुल्यभन्दा** ओरालो लागेमा वा लाग्ने अवस्था आएमा सम्बन्धित कृषकले वडा कार्यालयमा जानकारी गराउनु पर्नेछ।

२) वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालयमा सोको जानकारी गराउने छ। र यस कार्यालयबाट कृषि प्राविधिक खटाइने छ।

३) खटिएको प्राविधिकले वडाध्यक्ष र वडासचिवको रोहबरमा उत्पादित बालीको नापतौल गरी सोको अभिलेख राखी कृषकलाई निस्सा दिनु पर्नेछ।

४) वडा समितिले बैठक बसी मासिक रुपले कृषकले पाउनुपर्ने रकमको एकमुस्ट विवरण तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा सिफारीस गरेपश्चात कृषकले समर्थन मुल्य प्राप्त गर्नेछन्।

**पुनश्चः** न्युनतम समर्थन मुल्यभन्दा अधिक मुल्य पर्ने गरी बिक्री वितरण गर्न यस सूचनाले बाधा पुर्याएको मानिने छैन।

२०७६/५/२२

यादव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np


प्रमुख प्रशासकीय अधिकृत